## आ.व. ०७४।७५ को लागि नपा, गा.वि.स. तथा विषयगत कार्यालय एवं संघ संस्थाहरुले वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गर्नु पर्ने वजेट तर्जुमाका आधारहरु

१. २०७२ वैशाख १२ गते गएको विनासकारी भूकम्प पश्चात क्षतिग्रस्त भएका भौतिक संरचनाहरुको मर्मत संभार तथा पून निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

२. गरिवी निवारणलाई टेवा पुग्ने खालका कार्यक्रमहरु तर्जुमा गर्ने ।

३ आयमुलक, शिप मुलक तथा स्वरोजगारमुखी कार्यक्रमहरु संचालन गरी वेरोजगार न्युनीकरणमा सहयोग पुग्ने खालका कार्यक्रम तर्जुमा गर्ने । र यस्ता कार्यक्रम तर्जुमा गर्दा भुकम्पवाट वढि प्रभावित भएका पिडित व्यक्तिहरुलाई प्राथमिकतामा राख्ने ।

४ दीगो विकास लक्ष्य, राष्ट्रिय नीति तथा रणनीतिले प्राप्त गर्न खोजेका विकास लक्ष्य हासिल हुने खालका कार्यक्रम तर्जुमा गर्न जोड दिने ।

५ विभिन्न लक्षित वर्गको हितमा हुने कार्यक्रमहरु तर्जूमा गर्दा संवन्धित वर्गलाई केन्द्र विन्दु वनाई तर्जूमा गर्ने ।

६ क्रमागत तथा अधुरा आयोजनाहरु सम्पन्न गर्ने गरि कार्यक्रम तर्जुमा गर्ने ।

७ विभिन्न दातृ निकाय तथा गै.स.स.हरुको सहयोगमा भत्के विग्रेका संरचना मर्मत संभार तथा पुननिर्माण गर्ने कार्यलाई एकद्धार नीति अन्तर्गत व्यवस्थापन गर्ने ।

८ जिल्लालाई खूल्ला दिशामुक्त क्षेत्र घोषणा गरे पश्चात गएको भूकम्पका कारण धेरै घर परिवारका शौचालयहरु पूर्ण रुपमा क्षति भएको अवस्थालाई दृष्टिगत गरी शौचालयहरुको पूननिर्माण तथा पुर्ण स्वास्थ्य र सरसफाई संवन्धी कार्यलाई विशेष प्राथमिकतामा राखी कार्यक्रम तर्जूमा गर्ने ।

९ वालमैत्री स्थानीय शासन पद्धती तथा लैङ्गिक समानता तथा समावेशीको सिद्धान्त अवलम्वन गरि तदनूरुप कार्यक्रम तर्जुमा गर्ने ।

१० सडक आयोजनाहरु संचालनमा ल्याउदा नयां ट्रयाक खोल्न निरुत्साहित गरि संचालनमा रहेका सडकहरु सर्वयाम संचालन गर्न सकिने गरि निर्माण गर्ने ।

११ आयोजनाहरु संचालनमा ल्याउदा वातावरणीय तथा विपद व्यवस्थापन संवन्धमा विशेष ध्यान दिई सोही अनुरुप योजनाहरु तर्जुमा गरि कार्यान्वयन गर्ने ।

१२ विकास निर्माण कार्य संचालन गर्दा वातावरणमैत्री कार्यक्रमहरु संचालनमा ल्याई वातावरण व्यवस्थापनमा ध्यान दिने ।

१३ योजना तथा कार्यक्रम तर्जुमा गर्दा अपाङ्गमैत्री हुने गरी तर्जुमा गर्ने

१४ क्षतिग्रस्त गाउं वस्तीहरुको पुनर्स्थापना तथा पुननिर्माण गर्ने सन्दर्भमा शहरी विकास गुरु योजना तथा एकिकृत वस्ती विकासको अवधारणा अनुरुप सुरक्षित, व्यवस्थित र आधुनिक वस्ती विकासका लागि जोड दिने ।

१५. शिक्षावाट कोही पनि वालवालिकालाई वन्चित हुन नदिन सवैलाई सर्वशुलभ शिक्षा प्राप्तिको नीति अवलम्वन गर्दै विद्यालय उमेर पुगेका सवै वालवालिकालाई विद्यालय भर्ना अभियान संचालन गर्ने गरी विशेष कार्यक्रम ल्याउन जोड दिने ।

१६. जिल्लालाई पूर्ण खोपयूक्त, पूर्ण साक्षर, पूर्ण सरसफाई, वालमजदुर निषेध, जस्ता राष्ट्रिय अभियानलाई टेवा पुग्ने खालका कार्यक्रम संचालनमा विशेष जोड दिइ कार्याकम तर्जुमा गर्ने ।

१७. एक गाउं एक पोखरी, एक गाउं एक उत्पादन तथा एक गाउं एक नर्सरीको अवधारणालाई कार्यान्वयन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुले आगामी आ.व.को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा दातृ निकायसंगको संम्झौताका शर्तनामाका अतिरिक्त जिल्लाको आवश्यकता समेतलाई दृष्टिगत गर्दै गैसस परिचालन मार्गदर्शन २०७३ समेतको पूर्ण रुपमा पालना गरी तर्जुमा गर्नु पर्ने छ ।

०७४।३।०८

सतिस कुमार भट्टराई

योजना अनुगमन तथा प्रशासकीय अधिकृत